नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन ४२००१०९, ४२००३८१

पत्र संख्याः-

चलानी नं.:-

# प्रेस विज्ञप्ति

(दश वटा नमुना कानून तथा कार्यविधिहरु सम्बन्धमा)

नेपालको संविधान (२०७२) ले राज्यको शासकीय स्वरूप संघात्मक प्रणालीको हुने र तीन तहको मूल संरचनाको व्यवस्था गरे अनुसार प्रदेश नं.३, ४ र ६ मा स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित पदाधिकारीज्यूहरुबाट आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न शुरु भएको र बाँकी प्रदेशमा पनि स्थानीय निर्वाचन हुने क्रममा रहेको विद्यमान अवस्थामा माननीय उप-प्रधानमन्त्री तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रीस्तरको मिति २०७४।०३।०९ को निर्णयानुसार स्थानीय तहका लागि आवश्यक पर्ने देहाय बमोजिमका विभिन्न नमूना कानून तथा कार्यविधिहरुको ढाँचा स्वीकृत भएको छ :

१) स्थानीय तहको आर्थिक ऐनको नमूना – एक

२) स्थानीय तहको विनियोजन ऐनको नमूना – एक

३) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ – एक

४) गाउँ/नगर/उप-महानगर/महानगर कार्यपालिकाको कार्य विभाजन नियमावलीको नमूना – चार

५) गाउँ/नगर कार्यपालिकाको कार्य सम्पादन नियमावलीको नमूना – दुई

६) स्थानीय तहको वैठक संचालन कार्यविधिको नमूना – एक

(उपर्युक्त दश वटै कानून तथा कार्यविधिहरु मन्त्रालयको वेवसाइटको गृह पृष्ठको Main Menu मा **"नमुना कानून"** शीर्षकमा उपलब्ध छ।)

स्थानीय तहले *स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४* का आधारमा आगामी आर्थिक वर्षका लागि वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु हुन तथा माथि उल्लेख भए बमोजिमका नमूना कानून/कार्यविधिलाई गाउँ/नगर सभाबाट स्वीकृत गरी लागू गर्नु हुन मन्त्रालय हार्दिक आग्रह गर्दछ। उल्लिखित नमूना कानून तथा कार्यविधिले संविधान बमोजिम स्थानीय तहमा सारभूत रूपमा कार्य प्रक्रियाका आधारभूत विषयमा एकरूपता कायम भइ जनस्तरमा जनअपेक्षित सेवा प्रवाह र विकास निर्माणमा जनप्रतिनिधिमूलक जिम्मेवारी र उत्तरदायित्व सुनिश्चित भई स्थानीय सुशासनको संस्थागत विकासमा टेवा पुग्ने विश्वास समेत गरिएको छ।

मितिः २०७४।०३।०९

..............................
रूद्रसिंह तामाङ
प्रवक्ता



Scanned by CamScanner